# प्रभु भोज

## प्रभुको भोजमा विश्वासीहरुले प्रभुको उपस्थितिलाई अनुभव गर्दछन्

नानीहरुलाई सिकाउनेले अध्ययन एल. 3 बी. पढ्नु पर्छ।

जसले योजना बनाउँछन् अनि झुण्डको उपासनालाई अगुवाई गर्दछ, यदि तपाईंले मार्गदर्शक (परिचय, अध्ययन ए. 0 इ.) अहिले सम्म पढ्नु भएको छैन् भने, अहिले नै पढ्नुहोस्।

**प्रार्थना :** ''प्रभू येशू, जसै हामी तपाईंको सम्झनामा एकसाथ रोटी खान्छौं अनि कचौराबाट पिउँछौं, मेरा बगाल अनि मलाई तपाईंको क्षमाको अनुग्रह अनि जीवन दिने आत्माको अनुभव गर्नु दिनुहोस्।

1. **प्रभु भोजमा तपाईंको बगाललाई अगुवाइ गर्न तपाईंको हृदय र मनलाई परमेश्वरको वचनले तयार गर्नुहोस्।**

   बिसौं शताब्दी माझ ईसाई उपासनाझ प्रभुको भोजलाई, प्रभु भोज, स्मरणार्थ पनि भन्दछन्।

### पृष्टभूमि



- कतिपय मण्डलीहरुले कचौरा र रोटीलाई, ख्रीष्टको वास्ताविक शररि र रगत बनिनदछ भनेर गलती गरिरहेका छन्।
- अन्य मण्डलीले कचौरा र रोटी सम्झना मात्र हुन् अरु केहि होइनन् भनेर गलती गरीरहेकाछन्।



- यदि तपाईंले बाइबलका यी अंशहरुलाई पढ्नु हुन्छ, त्यस बारे परमेश्वरको वचनले के भन्दछ थाहा गर्नुहुनेछ।

**प्रस्थान 12:21-28 मा पाउनु हुन्छ...**

- मिश्रमा कुन मानिसहरुलाई ''निस्तार'' बलिदानको तयारी गर्नलाई आज्ञा दिए।
- वलिदानको रगतलाई तिनीहरुले के गरे।
- निस्तारको बलिदान चड़ाउनेहरुलाई परेश्वरले के गर्नु भएको थियो।

**प्रस्थान 16:2-5 मा पाउनु हुन्छ...**

- जसै इस्राएली जाती मोशाको पछि लामो यात्रा गर्न लागे तिनीहरु के को निम्ति फिक्रि गरी रहेका थिए।
- परमेश्वरले मानिसहरुको खाँचो पुरा गर्नलाई के प्रबन्ध गर्नुभयो।
- परमेश्वरले तिनीहरुलाई सित्तैमा दिनुभएको रोटीको नाउँ मानिसहरुले के राखे, प्रस्थान 16:30-31 मा पाउनु हुनेछ।

**मर्कूस 8:1-9 मा पाउनु हुन्छ...**

- येशूको शिक्षा सुन्नेहरुप्रति उहाँको कस्तो बिचार थियो।
- त्यो कस्तो ठाउँ थियो जहाँ, मानिसहरुले येशूबाट सुनिरहेकाथिए। (पद 4 हेर्नुहोस्)।
- मानिसहरुको खाँचो पूरा गर्नलाई येशूले के प्रबन्ध गर्नुभयो।

**यूहन्ना 6:25-36 मा पाउनु हुन्छ...**

- येशू मोशा झैं कसरी हुनुहुन्छ, इस्राएलीहरुको अगुवालाई जब परमेश्वरले उदेकको मन्ना तिनीहरुकोनिम्ति दिनु भएको थियो।
- येशू मोशा भन्दा महान कसरी हुनुहुन्छ।

**यूहन्ना 6:48-51...**

- येशूले उहाँमाथि विश्वास गर्नेहरुलाई के दिन्छु भनि प्रतिज्ञा गर्नु भएको थियो।

**यूहन्ना 6:52-64...**

- येशूले उहाँको देह खाने र रगत पिउनेलाई के दिनेछु भनि प्रतिज्ञा गर्नुभएको थियो।
- मानिसहरुले ख्रीष्टको देह र रगत कसरी ''खान्छन्'' अनि ''पिऊछन्'' (पद 63 अनि 64 हेर्नुहोस्)।

**मत्ति 26:26-29...**

- जब यीशू अनि तिनका चेलाहरुले यहूदी निस्तारचाढ़ खाईरहेका थिए, के भएको थियो।
- निस्तार चाढ़को रोटीलाई येशूले के भन्नु भयो।
- निस्तार-चाड़को कचौरालाई येशूले के भन्नु भयो।
- येशूले आफ्ना चेलाहरुलाई के गर्नु भनी आज्ञा दिनु भयो।

**1 कोरिन्थी 10:16-22...**

- जब विश्वासीहरुले प्रभुभोजको कचौराबाट पिउँदछन् तब के हुँदछ (पद 16)।
- जब विश्वासीहरुले प्रभुभोजको रोटी खाँदछन् तब के हुँदछ।
- मुर्तिपूजकका बलिदानहरुबाट जुन विश्वासीहरुले खाँदछ के खतरा हुनेछ।

**1 कोरिन्थी 11:25-34 मा पाउनु हुन्छ...**

- प्रभुभोज लिनु कसरी विशेष संदेश बोल्नु झैं हो ( पद 26)।
- प्रभुभोज लिनु भन्दा अघि विश्वासीहरुले के गर्नु पर्छ। (पदहरु 27 र 28)।
- यदि हामीले अरु विश्वासीहरुलाई प्रेम नदेखाइकन प्रभुभोज लिन्छौं भने कुन खतराले हामीलाई परर्खीरहेको हुँन्छ।

**2. आउँदो साताको निम्ति क्रियाकलापहरुको योजना सहकर्मीहरुसित बनाउनुहोस्।**

रोगी अनि कमजोरीहरु जो लगातार सेवामा आउन सक्दैनन्, तिनीहरुलाई प्रभु-भोज लैजानको निम्ति डीकनहरुको व्यवस्था मिलाउनुहोस्।

यदि कुनै विश्वासीले प्रभुभोजको महत्वलाई अनादर गरेको थाहा - लागे, प्रभुभोज लिंदा ख्रीष्टको उद्भूत देह र रगतको आदर गर्नलाई तिनीहरुसित छलफल गर्नुहोस्।

जसले प्रभुभोज बाँड़दछ तिनीहरुले येशू अनि पावलले गरे झैं त्यहीप्रकारको जोड़ दिन सक्छन् भनी तपाईंका सहयोगीहरुसित छलफल गर्नुहोस्।

**पावल-तिमोथी गोठालाको अध्ययन-उपासना, एल. 3 ए.**


सबै मण्डलीका अगुवाहरु अनि परिवारका ठूलाहरुले पुष्टि गर्ने प्रयास नगरी वा पुष्टि गरेर नै प्रभुभोज बाँड़नलाई प्रशिक्षणको योजना गर्नुहोस् ( पवित्रआत्माले विश्वासीहरुको हृदयमा काम गरे झैं, रोटी अनि कचौराले तिनीहरुको निम्ति बोलून्) ।

3. आउँदो उपासनाको समयको योजना तपाईंका सहकर्मीहरुसित बनाउनुहोस्।

नानीहरुले तयार पारेका नाटक, कविता अनि प्रश्नहरु प्रस्तुत गर्न लगाउनुहोस्।

तपाईंले भाग-1 मा जे पनि पाउन भएको छ त्यसलाई वताउनुहोस् वा दर्शाउनु होस्। तपाईंले जे पाउन भयो त्यसबारे प्रश्नहरु सोध्नुहोस्।

- यहूदी जातीको निस्तारचाड़, प्रस्थान 12:21-28
- स्वर्गबाटको रोटी, प्रस्थान 16-2-5 अनि 30-31
- येशूले 4000 लाई खुवाउनु भएको, मर्कूस 8:1-9;
- येशूले उहाँको देह खानु भन्नु भएको, अनि विश्वासीहरुलाई के प्रतिज्ञा दिनु भएको थियो, यूहन्ना 6:25-36 र 48-64।
- येशूले प्रभुभोजको स्थापना गर्नु भएको, मत्ती 26:26-29।
- प्रभुभोज खानु र पिउनु वास्तवमा के हो, 1 कोरिन्थी 10:16-22;
- प्रभुभोज लिनभन्दा अघि किन हाम्रा पापहरु स्वीकार गर्छौं, 1 कोरिन्थी 11:25-34।



यदि कुनै विश्वासीहरुले येशूको क्रुसको बारेमा राम्रो गाउँछन् भने तिनीहरुले अरुहरुलाई पनि गीत गाउन सिकाउन अनि अगुवाइ गरुन। यदि जोड़ले गाउनमा कुनै खतरा छ भने, विस्तारै मधुर स्वरमा गाउनुहोस्।

प्रभुभोज परिचय गर्नलाई उत्पत्ति 4:4 का आदमको छोरा हाबिलको बारेमा बताउनु होस्, जसले निर्दोष पशुको रगत परमेश्वरलाई भेट गरे। येशू जो निर्दोष हुनुहुन्छ, जसको बलिदानले हामीलाई परमेश्वरको नजदीक ल्यायो। रोटी अनि कचौरी लिन भन्दा अघि, विश्वासीहरुलाई शान्त भएर आ-आफ्ना पापहरु स्वीकार गर्ने समय दिनु होस्, वा यदि सबैको सामने पाप गरेका छन् भने झुण्डमा मुख खोलेर स्वीकार गरुन्।

1 यूहन्ना 1:7-9 सम्म एक साथ कण्ठस्थ गर्नुहोस्।

# हामीलाई बचाउन परमेश्वरले एउटा ''पाठो'' को प्रबन्ध गर्नु भयो।

प्रभुभोजलाई आदर गर्नमा नानीहरुलाई मदत गर्नुहोस्।

नानीहरुले सिक्ने कुनै पनि क्रियाकलापहरु चुन्नुहोस्।

ठूला नानी वा शिक्षक:अब्राहाम अनि इसहाकको कथालाई कण्ठस्थ सुनाउनु होस् वा उत्पत्ति 22:1-18 पढ्नुहोस्।

***स्पेस फोर पिक्चर***

यस कथामा परमेश्वरले एउटा जवान ठिटोको जीवन बचाउनलाई कसरी एउटा पाठोको प्रबन्ध गर्नु हुन्छ भनी बताउँदछ।



कथा सुनाए पश्चात् यी प्रश्नहरु सोध्नुहोस् :

- परमेश्वरले अब्राहामको विश्वासलाई कसरी जाँच्नु भयो? (उत्तर पद 2 मा हेर्नुहोस्)।
- अब्राहामले परमेश्वरको आज्ञालाई कसरी पालन गरे? (पद 3)
- तिनीहरु यात्रा गरीरहेको समयमा इसहाकले के प्रश्न गरे? (पद 7)
- अब्राहामले इसहाकलाई के उत्तर दिए? (पद 8)
- इसहाकलाई मार्नदेखि परमेश्वरले कसरी रोक्नु भयो? (पद 11)
- बलिदानको निम्ति परमेश्वरले के प्रबन्ध गरिदिनु भयो? (पद 13)
- परमेश्वरले अब्राहामलाई तिनको आज्ञाकारीताको निम्ति के आशिष दिनु भयो? (पद 16-18)।

**बुझांउनु होस् :** प्रभुभोजमा हामी परमेश्वरको पाठोको देह र रगतको सहभागी हुन्छौ, जो हाम्रो सट्टामा मर्नुभयो, जसरी इसहाकको सट्टामा भेड़ाको पाठो मारीयो। उत्पत्ति 22:1-18 देखि अब्राहाम अनि इसहाकको कथाको भागहरुबाट नाटक गर्नुहोस्। उपासनाको समयमा प्रौढ़हरुलाई प्रस्तुत गर्न नानीहरुको निम्ति मण्डलीका अगुवाहरुले व्यवस्था मिलाई दिऊन। नानीहरुले तायारपारेका कविताहरु प्रस्तुत गर्न अनि चित्रहरु देखाउनकोनिम्ति पनि प्रबन्ध गर्नु होस्।

- ठूला नानीहरु व प्रौढ़हरुले यी पाठहरु खेलून्, (1) कथक, (2) स्वर्गदूत, (3) अब्राहाम जससित एउटा चक्कू अनि डोरी हुनपर्छ (वा चलाएको जस्तो गर्नुहोस्)।
- नानीहरुले यी भागहरु गरुन :

**इसहाक**

**पाठो।** हात र खुट्टाले पशुझैं हिड़नु

**नोकरहरु** (हातभरी दाउराहरु हुनपर्छ)।

**कथक :**कथाको प्रथम भाग पद1–6 देखि सुनाउनुहोस्। त्यसपछि भन्नुहोस्, ''सुन्नुहोस् परमेश्वरले अब्राहामलाई के भन्दछ।''

**स्वर्गदूत :**सर्वशक्तिमान परमेश्वरले तिमीलाई तिम्रो छोरोलाई मोरीयाको एउटा डाँड़ामा होमबलि गर्नलाई आज्ञा गर्नुहुन्छ।

**अब्राहाम :**माथि हेरेर भन्दछ, ''ज्यू प्रभु।''

नोकरहरुलाई भन, ''इसहाकलाई लिएर आउ। साथै एउटा चक्कू र दाउराहरु साथमा लेऊ।

**नोकरहरु :** जाँन्छन् अनि इसहाक अनि दाउराहरु र चक्कू लिएर फर्कि आउँछन् (वा वहना गर्ने)। ती सबै अब्राहामलाई दिंदछन्।

**अब्राहाम :** दाउराहरु इसहाकको काँधमा राख्ने (वा राखेको बहना गर्ने) अनि चक्कू उठाउने। इसहाक तिम्रो पछि पछि हिड़दछ।

**कथक :**कथाको दोस्रो भाग पद 7–10 बाट सुनाउनु होस्। भन्नु होस्, ''सुन्नु होस् इसहाकले के भन्छन्।''

**इसहाक :** ''बुवा, बलिदानको निम्ति पाठा कहाँ छ?''

**अब्राहाम :** ''परमेश्वरले नै पाठोको बन्दोबस्त गर्नुहुन्छ।''

**इसहाक :**एउटा टेबल वा कुर्सीमा (वेदी) लम्पसार पर्दछ।

**अब्राहाम :**इसहाकलाई डोरीले बाँद्धछ (वा बहना गर्ने)। चक्कूमाथि उचाल्नु।

**स्वर्गदूत :**''रोक!'' तिनलाई नमार। जब तिमीले आफ्नो छोरोलाई पनि उहाँको निम्ति बाँकि राखनौं, त्यसैले तिमीले परमेश्वर को भय मान्दछौं भनि म जान्दछु।''

**अब्राहाम :**इसहाकको डोरी खोल्दै भन्छ, ''पाठो लिएर आऊ। बेदीमाथि राख, त्यसलाई बाँध।''

**स्वर्गदूत :**''अब्राहाम, परमेश्वरको अनन्तको प्रतिज्ञालाई सुन। तिम्रो आज्ञाकारीताको निम्ति उहाँले तिमीलाई आशिष दिनुहुन्छ। तिम्रो सन्तानको धेरै बृद्धि हुनेछ। ती मध्ये एउटाबाट सारा राष्ट्रहरुलाई उहाँले आशिष खन्याउनुहुनेछ।''

**कथक :**नाटकमा सहयोग गर्ने सबैलाई धन्यवाद दिनुहोस्।

एउटा पाठोको चित्र बनाउनु होस्।



- नानीहरुले तिनीहरुको चित्र अर्को आराधनाको समयमा प्रौढ़हरुलाई देखाउन् अनि येशू हाम्रो पाप मेट्टाउनको निम्ति, परमेश्वरको पाठो कसरी बन्नु भयो भनी उदाहरण सहित बुझाउन्।
- ठूला नानीहरुले सानाहरुलाई मदत गरुन्।

नानीहरुलाई सोध्नु होस कसरी परमेश्वरको प्रतिज्ञा अब्राहामलाई दिएको आज हाम्रो निम्ति, येशू ख्रीष्टमा पूरा हुन गयो। रोमी 6:23 कण्ठ गर्नु होस्।

**कविता :** चार जना नानीहरु प्रत्येकले भजनसंग्रह 27 को 1,2,13 र 14 पद बाट पाठ गरुन्।

परमप्रभु मेरो ज्योति र मलाई मुक्ति दिने हुनुहुन्छ, मैले कसको डर मान्नु?

परमप्रभुनै मेरो जीवनको किल्ला हुनुहुन्छ, मैले कसको भय मान्नु ?

जब कुकर्मीहरु, मेरा विरोधीहरु र मेरा शत्रुहरु, मेरो मासु खान ममाथि आइलागे, तब ठेस खाएर तिनीहरु लड़े।

जीवितहरुको देशमा परमप्रभुको भलाइ देख्ने मलाई विश्वास नहुँदो हो ता, म मुर्छै परिहाल्थें।

परमप्रभुको बाटो हेर, दह्रो हो, र तेरा हृदयले साहस् गरोस्, तैंले परमप्रभुकै बाटो हेर्।

परमेश्वरले हामीलाई बचाउन एउटा पाठोको प्रबन्ध गरीदिनु भएको बारेमा, ठूला नानीहरुलाई एउटा कविता वा गीत लेख्न लगाउनुहोस्।

**प्रार्थना :** ''प्यारो बुवा, तपाईंका पुत्र परमेश्वरको पाठो, हाम्रो खातिर मर्नलाई, प्रबन्ध गरीदिनु भएको निम्ति धन्यवाद। उहाँको बलिदानले हाम्रो सबै पापहरु क्षमा गर्ने तपाईलाई अति प्रशस्त भएको छ। जब हामी प्रभुभोज लिंदछौं तब हामीले

# हारुन र अन्य उपासनाका सेवकहरु

जसले नानीहरुलाई सिकाउँछन् डब्ल्यू. 2 बी. पढ्नु पर्छ।


**पृष्टभूमि।** मोशाका भाई हारुन, इस्राएलका पहिलो मुख्य पुजारी थिए। हारुनले मानिसहरुको पापको निम्ति परमेश्वरलाई बलिदानहरु टक्राउँदथे। तिनले भेड़ा अनि अरु 'चोखो' पशुहरु बलिदान गर्थे जो परमेश्वरले रूचाउनु हुन्थ्यो। तिनले ती पशुहरुको घाँटी काटेर पापहरुको निम्ति प्रायश्चित गर्नलाई आगोमा जलाउँथे। आज, येशू हाम्रो निम्ति परमेश्वरको पाठो हुनुहुन्छ। उहाँ पापरहित हुनुहुन्छ, अनि उहाँ हाम्रा पापको प्रायश्चितको निम्ति मारिनु भयो।

**1. सही रितीले उपासना गर्न तपाईंको बगाललाई मदत गर्न तयार गर्नुहोस्।**

**उपासनाको सात मौलिक मूल तत्वहरु सिक्नुहोस्।**

प्राय: सबै मण्डलीहरुले यी सात सामान्य गतिविधिहरु अभ्यास गर्दछन्। तिनीहरुले भिन्दै तरिकाले गर्छन् होला, जो तपाईंको सित नमिल्न सक्छ। कत्तिले पछि गर्छन्, अरुले कहिले काहीं।

1. प्रशंसा र धन्यवाद दिनु
2. प्रार्थना
3. वचन सिक्नु
4. दिनु
5. हाम्रा पापहरु स्वीकार्नु अनि परमेश्वरको क्षमाको निश्चय गर्नु,
6. रोटी तोड्नु (प्रभुभोज)
7. संगतीमा आनन्द गर्नु



- येशूले कुनचाँहि उपासनाको क्रियाकलापलाई लूका 6:38 मा आज्ञा गर्नु भएको थियो?
- उत्पत्ति 18:20–33 मा अब्राहामले के चाँहि गरेका थिए?
- 2 शमुएल 22:47 मा दाऊद?
- नहेम्याह 8:1–3 मा इस्राएलीहरु?
- नहेम्याह 9:2 मा इस्राएलीहरु?
- प्रस्थान 12:1–14 मा कुनचाँहि क्रियाकलापबारे व्याख्या गरीएको छ?
- भजन संग्रह 133 मा तपाईंले कुन चाँहि पाउनुहुन्छ?

(उत्तरहरु (1) दिनु, (2) प्रार्थना, (3) प्रशंसा, (4) वचन, (5) पापहरु स्वीकार्नु, (6) प्रभुभोज, (7) संगती)।

परमेश्वरका जनहरुले यी उपासनाका क्रियाकलापलाई युग–युगदेखि अभ्यास गर्दै आएका छन्।

- पुरानो नियममा यहूदीहरुले येशू यस संसारमा आउन भन्दा अघि अभ्यास गरेका थिए।
- येशू अनि पवित्र आत्माले नयाँ नियमको अझ गहिरो अर्थ जाहेर गर्नुभयो।

- प्रेरितहरुले येशूको बलिदान अनि जीवन दिने पुनरुत्थानमाथि कैन्द्रित गरे।
- इसाईहरुले निरन्तर यी क्रियाकलापहरुलाई अभ्यास गरेकाछन्, अनि यसको शुरुवात यरुशलेमका मण्डलीबाट भएकाछन् (प्रेरित 2 अध्याय)।
- जुन मण्डलीले यी  क्रियाकलापहरुलाई लत्याउँछन्, झूठो शिक्षा वा मानिसहरुले आक्रमण गर्दा टुक्रिनु वा मर्न सक्छन्।
- कतिपय गिर्जाहरुमा यी थोकहरु रीतिपूर्ण ''भक्तिभाव'' सित गर्दछन्, लवेदा पहिरेर, धूप बाले र, अनि स्तुति पाठ गरेर। अरुले ''स्वतंन्त्र'' प्रकारले यी थोकहरु गर्दछन्।
- बाइबलमा, मानिसले परमेश्वरलाई भजनले, नाँचले, उभेर, हातहरु उठाएर, थप्पड़ी मारेर, घुँड़ा टेकेर, मुहार घोप्टो गरेर, चुपचाप शान्त भावले, हल्ला गरेर, साक्षीहरु दिएर, नाटकगरेर, झ्याली बजाएर, स्तृति गानद्वारा अनि बलिदानहरुबाट प्रशंसा गरे। जब सम्म हामीले हृदयबाट उहाँलाई भज्दैनौं, परमेश्वरले बाहिरी कुरोलाई वास्ता गर्नुहुन्न,।
- धेरै मण्डलीहरुले परमेश्वरको महिमा प्रारम्भ गर्नलाई भजन संग्रह बाट गाउँछन् वा पढ़छन् परमेश्वरलाई केन्द्रित गर्ने अनि उहाँको कामहरुको, भक्तिको, न्यायको, प्रेमको, दयाको विश्वासयोग्यताको, अनि पवित्रताको आदर गर्नलाई तपाईंले पदहरु प्रयोग गर्न सक्नु हुन्छ।

यहाँ भजन संग्रहका केहि पदहरु छन् जसबाट परमेश्वरको प्रशंसा गर्न मदत मिल्दछ :

| | | | |
|---|---|---|---|
| 8:1 | 66:1-4 | 98:1-3 | 111:1-4 |
| 9:1-2 | 81:1-2 | 100:1-3 | 117:1-2 |
| 29:1-2 | 93:1-2 | 103:1-6 | 136:1-26 |
| 47:1 | 95:1-3 | 106:1-2 | 148:1-14 |

**2. साता भरी गर्नुपर्ने कार्यहरुको योजना सहयोगीहरुसित बनाउनुहोस्।**

तपाईंको मण्डलीका खाँचोहरुमा मिल्ने क्रियाकलापहरु चुन्नुहोस्।

- नयाँ व्यक्तिहरुलाई सेवापश्चात भोजनमा निम्तो दिनुहोस्।
- नानीहरुलाई बाल-नाटक गर्नलाई भन्नुहोस्, यद्धपि तिनीहरुले मण्डलीको सेवामा अहिले सम्म भाग निलिएका किन नै नहोऊन्।
- सभामा प्रदर्शन गर्नलाई उपासनाका शब्दहरु भएको एउटा झण्डा तयार गर्नुहोस्।
- आज सम्म मण्डलीको सेवामा उपस्थित नभएका मित्रहरुको घरमा परमेश्वरको प्रशंसा र प्रार्थना गर्नुहोस्।

**3. आउनेवाला उपासनको निम्ति सहयोगीहरुसित योजना तयार पार्नुहोस्।**

स्थानिय रीति अनि उपलक्षमा मिल्ने क्रियाकलापहरु चुन्नुहोस्।

- भजन संग्रहका पदहरु पढ़ेर वा गाएर परमेश्वरको प्रशंसा गर्नुहोस् अनि प्रार्थना गर्नुहोस्।
- गत सप्ताहमा गरेको कामको प्रतिवेदन अनि गवाहीहरु दिनु लगाउनुहोस्।

प्रभुयेशू संसारमा आउनु भन्दा पहिले उपासना कस्तो थियो भनी प्रदर्शन गर्नुहोस्।

- तपाईले पुरानो नियममा भएको उपासना प्रदर्शन गर्नुहुनेछ भनी बुझाउनु होस्।
- एक जना सहायकलाई तपाईसित बाहिर जानलाई भन्नुहोस्, जब तपाईमित्र आउनु हुन्छ, एउटा भेड़ा भएर, हात र खुट्टाले हिड्‌दै अनि 'बाँ-बाँ' गर्दै आउन लगाउनुहोस्। त्यसलाई डोरी को सहायताले तान्दै ल्याएको अभिनय गर्नुहोस्।
- सोध्नुहोस्, ''हारुन'' (कसै एकजना) चक्कू धार लाउनलाई, आगो तयार पार्न अनि भेड़ालाई बेदीमाथि बाँध्नलाई। हारुनको मदतमा, भेड़ालाई एउटा कुर्सी माथि मुहारलाई तल पारेर राख्नुहोस्।



**नकाटिएका ढुंङ्गाको बेदी**

- तपाईंको हात त्यसको शिरमाथि राखेर भन्नुहोस्, ''म मेरो अनि परिवारका पापहरु स्वीकार गर्छु।''
- हारुनलाई त्यो भेड़ाको घाँटी रेट्‌न लाउनुहोस्। जब तिनले यस्तो गरेको वहना गर्दछन्, तब तपाईंको शरीर भरी रगत छरिएको झै अभिनय गर्नुहोस्। तपाईंका हातहरु झर्काउनुहोस् अनि कराउनु होस्, ''अहो! चारैतिर रगतै-रगत!''

''भेड़ाको आवाज सुन्छु।''

''रगतको गन्ध आउँदैछ!''

''धुँवा आखाँमा पर्दैछ।''

- मानिसहरुलाई प्रश्न गर्नुहोस्, ''के यही उपासना थियो?'' (तिनीहरुलाई जवाफ दिनुलगाउनुहोस्)।
- ''यो घातक अनि प्रतिकूल थियो? किन? हाम्रा पापहरु अति पवित्र परमेश्वरमा घातक अनि प्रतिकूल छन्। यो बदलिएको छैन्। हाम्रा पापहरु ढाक्न परमेश्वरलाई अझ पनि निर्दोष बलिको खाँचोछ।''
- सोध्नु होस्, ''अहिले हामी सेवाहरुमा भेड़ा किन लाँदैनौं?'' विश्वासीहरुले नै उत्तर दिऊन। यदि तिनीहरुले ठीक उत्तर दिन सकेनन् भने, तपाईले आफ्नै शब्दहरुमा बुझाउनु होस्, येशू परमेश्वरको अनन्तको पाठो हुनुहुन्छ जसले संसारका पापहरु लिनुहुन्छ। जब हामी प्रभु भोजको रोटी र कचौराको सहभागी बन्दछौं तब, परमेश्वरको पवित्र पाठो, जो निर्दोष थुमाको शरीर र रगतमा हामी सम्भागी हुँदछौं। जसै 1 कोरिन्थी 10:16 ले प्रकट गर्दछ। नानीहरुले तयार पारेका नाटकलाई प्रस्तुत गर्न लगाउनुहोस्। अनि तयार पारेका प्रश्नहरु प्रौड़हरुलाई सोध्न लगाउनुहोस्।

प्रभुभोज परिचय गर्नलाई एउटा मानिसको कथा सुनाउनुहोस् जो एउटा राजाको विवाहको भोजमा विवाहको भोजको पोशाक नलाईकन आएका थिए (मत्ती 22:1-14)। हामी विश्वासीहरुलाई परमेश्वरको पवित्रताले ढाक्दछ यो विशेष

पोशाकले प्रतीक गर्दछ। जहिले-तहिले हामी हाम्रा पापहरु स्वीकार गर्दछौं अनि उहाँको क्षमा प्राप्तगर्दछौं हामीले परमेश्वरको तर्फबाट पोशाक लगाउँछौं। यो काम हामीले प्रभुभोज खान भन्दा अघि गर्नुपर्दछ। परमेश्वरका जनहरु जब येशूमा अनन्तको निम्ति बिवाह भएका छौं भने महान भोजको पनि भागीदारी हुन्छौं।

यूहन्ना 4:24 कण्ठस्थ पार्नुहोस्।

साताभरीको निम्ति तयार पार्नुभएको क्रियाकलापहरुको योजनालाई सुचित गर्नुहोस्।

दुइ वा तीन व्यक्तिहरुको झुण्ड बनाउनुहोस्, तिनीहरुलाई प्रार्थना गर्नलगाउनुहोस्, योजनाहरु पक्का गर्नु, अनि एकार्कालाई प्रोत्साहन दिनु लगाउनु होस्।

# एउटी आइमाईले येशूको पाउ धोइन्

## नानीहरुले उपासना गर्न सिक्छन्

नानीहरुको उमेर अनि खाँचोहरुमा मिल्ने गरी सिक्ने क्रियाकलापहरु चुन्नुहोस्।



यदि हुन सक्छ भने नानीहरुलाई यो चित्रमा रंग भर्न वा नकल गर्न लाउनुहोस्।

शिक्षक वा ठूला नानीले लूका 7:36-50 पढून वा येशूको पाउलाई आँशुले घुने, त्यो स्त्रीको कथा मुखस्त सुनाउन्। हामीले पनि येशूलाई हाम्रो उत्तम कुरो दिनु पर्छ अनि हाम्रो हृदयबाट उहाँलाई पुज्न पर्छ भनि तिनले देखाईन्।

यी प्रश्नहरु सोध्नु होस्। प्रत्येकको उत्तर प्रश्नको पछि दिइएका छन्।

- कस्तो किसिमको स्त्री येशूलाई भेटन आईन्? (लूका 7:37)
- त्यस स्त्रीले येशू प्रति प्रेम कसरी देखाए? (लूका 7:38)
- येशूले त्यस स्त्रीलाई के गरेको फरिसीहरुले चाहन्थे? (तिनलाई दोषी ठहराएको अनि लखेटिदिएको चाहन्थे, लूका 7:39)
- येशूलाई कसले धेर माया गर्थे, फरिसी वा स्त्रीले (लूका 7:43)
- येशूले त्यस स्त्रीलाई के भन्नुभयो ? (लूक 7:48)

सेवा गर्ने स्त्रीको कथाका भागहरु लूका 7 अध्यायबाट नाटकको रूपमा परिवर्तन गर्नुहोस्। यो नाटक नानीहरुले प्रस्तुत गर्न भनी मण्डलीका अगुवाहरुसित मिली व्यवस्था मिलाउनुहोस्। नाटक तयार पार्नलाई नानीहरुसित समय बिताउनुहोस्। सबै भागहरु अभिनय गर्नु पर्ने छैन्। यदि सबै भागहरु खेल्ने व्यक्तिहरु पर्याप्त छैनन् भने, कथकले नाटकमा ती व्यक्तिहरुलाई संकेत गरेर त्यस व्यक्तिले के भन्दछ भनिदिऊन।

- ठूला नानीहरु वा प्रौढ़हरुले येशू अनि कथकका भागहरु गरुन।
- साना नानीहरुले शिमोन, फरिसी अनि स्त्रीका भागहरु खेलुन् (स्त्रीको हातमा एउटा महलमको बोतल हुन पर्छ वा भएको बहना गर्नुहोस्)।

**कथक :**कथाको पहिलो भाग लूका 7:36-39 वाट सुनाउनुहोस्। भन्नुहोस्, ''सुन्नुहोस् शिमोनले के भन्दछ।''

**शिमोन :**''येशू, तपाई हामीसित खानलाई आउनु भएकोमा म, अत्ति खुशिछु। आउनुहोस्, बस्नुहोस्।'' (येशू, शिमोन र फरिसीहरु बस्दछन्)।

**फरिसीहरु :**''हेर। येशूलाई यति धेर मान्यता नहुनु पर्ने।''

''शिमोनले तिनलाई चुम्बन गरी स्वागत गरेनन्।''

''तिनले येशूको पाउ धोएनन्।''

''उसले महलम तिनी माथि खनाएनन्।''

**स्त्री :**''रुँदै येशूको छेउमा पुगेर घुँड़ा टेक्छिन्। येशूको पाउमा महलम खनाएको अनि कपालले पुछेको जस्तो गर्ने।

**फरिसीहरु :**''त्यो महलमको कति मिठो बासना रहेछ।''

''त्यो अति मूल्यवान् महलम हो।''

कत्ति नोक्सानी मात्र।''

**शिमोन :** ''येशू, सुन्नुहोस्। त्यो स्त्रीले खराब जीवन व्यक्ति गरेकी छन्। त्यसले तपाईंलाई छुन नदिनहोस्। त्यसलाई पठाइदिनुहोस्।''

**कथक :**कथाको दोस्रो भाग लूका 7:40-47 बाट सुनाउनु होस्। भन्नुहोस्, ''सुन्नुहोस् येशूले के भन्नुहुन्छ।''

**येशू :**''शिमोन, दुइ मानिसहरुले ऋण लिएका थिए। एउटाले अति थोरै ऋण अनि अर्कोले अत्ति धेरै ऋण। यी दुइमा कसैले पनि महाजनका ऋण फिर्ता गर्न सकेन, यसैले तिनीहरुको ऋण तिनले माफ गरीदिए। तिनीहरुको सबै ऋण रद्द गरीदिए। यी दुइमा कसले त्यो महाजनलाई धेर माया गर्थे भनी तिमी साम्झन्छौ?''

**शिमोन :** ''जसले घेरै ऋण लिएका थिए।''

**येशू :**''तिमीले ठिक भन्यौ। म तिम्रो घरमा आएँ, तर तिमीले त्यति धेर माया देखाएनौं। यदपि, यो स्त्रीले मलाई द्यैरे माया देखाईन्।''

**कथक :**कथाको तेस्रो भाग लूका 7:48-50 बाट बताउनुहोस्। त्यसपछि भन्नुहोस्, ''सुन्नुहोस् येशुले के भन्नुहुन्छ।''

**येशु :**''स्त्री, म तिम्रा पापहरु क्षमा गरी दिन्छु।''


**फरिसी (रिसमा) :**''यिनले कसरी पाप क्षमा गर्न सक्छन्?''

**येशु :**''स्त्री, तिम्रो विश्वासले तिम्रो उद्धार भएको छ शान्ती सित जाऊ।''

**कथक वा ठूला नानी :**नाटकमा मदत गर्ने सबैलाई धन्यवाद दिनुहोस्।

नानीहरुले यो नाटक प्रौड़हरुलाई प्रस्तुत गर्दछ् भने प्रौड़हरुलाई तिनीहरुले माथिका प्रश्नहरु पनि गरुन।

**पावल–तिमोथी बालकहरुको अध्ययन–उपासना, डब्ल्यू. 2 बी.**



महलमको बोतलको चित्र नानीहरुलाई बनाउन लगाउनुहोस्। ठूला नानीहरुले सानाहरुलाई मदत गरुन्। नानीहरुले तिनीहरुको चित्र उपासनाको समयमा प्रौढ़हरुलाई देखाउन अनि महलमको बोतलको उपमाद्वारा हामीले कसरी येशूलाई हामीसित भएको असल थोकले सेवा गर्छौं भनी बुझाउन लगाउनुहोस्। हाम्रा हृदयहरुबाट उहाँको सेवा हामी गर्छौं।

नानीहरुलाई सोध्नुहोस् : कुन तरिकाले हामी हाम्रो प्रेम येशूलाई देखाउन सक्छौं ? (नानीहरुलाई नै उदाहरण दिन लाउनुहोस्)।

रोमी 1251 कण्ठस्थ गर्नुहोस्।

कविता : तीन जना नानीहरु प्रत्येकले दुइ–दुइ पद गरी भजन संग्रह 150:1–6 पाठ गरुन्। येशू प्रतिको प्रेमबारे, ठूला नानीहरुले एउटा छोटो कविता वा गीत लेखून्। तिनीहरुले यो काम हप्ताभरमा गर्न सक्नेछन्।

परमेश्वरको प्रशंसा गर्नुहोस्।

**प्रार्थना :** ''प्रिय प्रभु, तपाईंले हाम्रो हृदयमा तपाईंको महान प्रेम हालीदिनु भएको छ। हामी हाम्रो प्रेम तपाईंलाई धेरै प्रकारले दर्शाउन चाँहन्छौं। हामी तपाईंको उपासना गर्छौं। हामी तपाईंको सेवा गर्न चाहन्छौं। हामीलाई क्षमा गरी तपाइंका बालकहरु बनाउन भएको निम्ति धन्यवाद।''

# कटनी र अन्य आत्माकहरुको उत्सव मनाऔं

नानीहरुलाई सिकाउनेले अध्ययन एच. 1 बी. पढ्नु पर्छ।

**प्रार्थना :**''प्रभु, तपाईको धेरै आशिषहरु हामीप्रति भएको निम्ति तपाईलाई धन्यवाद टक्राउनमा मलाई अनि मेरा बगाललाई मदत गर्नुहोस्।''

स्थानीय रीतीहरु र समयानुकुल सुहाउँदो क्रियाकलापहरु चुन्नुहोस्।

''तिमीहरुले हप्ताको चाड़ मान्नू, अर्थात् गहुँको पहिले उब्जाएको चाड़, र वर्षको आखिरमा अन्न मित्र्याउने चाड़ पनि मान्नू।''

**1. परमेश्वरलाई हृदय समेतको धन्यवाद टक्राउनमा तपाइंको बगाललाई सहयोग दिन तयार गर्नु होस्।**

## पृष्टभूमि

- पौराणिक इस्राएलीहरुलाई हप्ताको चाड़ मान्नू परमेश्वरले आज्ञा गर्नुभएको थियो जो पछिबाट पेन्तिकोस भनियो।
- ख्रीष्टमा भएका विश्वासीहरुले हरदम परमेश्वरलाई धन्यवाद दिनुपर्छ। विश्वका धेरै विश्वासीहरुले पुरानो नियमका हप्ताहरुको चाड़ झै, वर्षमा एक पल्ट परमेश्वरको आशिषहरुको निम्ति, साधारणत कटनीको समयमा, धन्यवाद टक्राउने गर्दछन्।
- धेरै मण्डलीहरुले पेन्तिकोसको चाड़ मान्दछन्, तर कटनीको चाड़ जस्तो होइन। तिनीहरुले यसकारणले यो चाड़ मान्दछन् किनकि परमेश्वरले यस दिनमा नयाँ करार स्थापित गर्न पवित्र आत्मा खनाउनुभयो। त्यो घटना एउटा आत्मिक कटनी थियो, किनभने पमेश्वरले विश्वासीहरुको एउटा नयाँ समूह तयार पार्नुभयो, जोहरु धेरै विदेशी राष्ट्रहरुमा छरिएर बसेका यहूदी जातीहरु थिए।
- प्राय: सबै समाजकाहरुले केहि प्रकारले कटनीको चाड़ मान्ने गर्दछन्, जसरी मानिसहरु भेला भएर उहाँका आशिषहरुको सम्झनामा धन्यवाद टक्राउँदछन्। कतिपय समाजमा यो मूर्तिपुजामा गर्ने गर्छन्, तर विश्वासीहरु यी कुरोहरुबाट आफ्नो ध्यान हटाएर, सत्य परमेश्वरलाई धन्यवाद दिंदछन्।



प्रस्थानको पुस्तक 14:5 देखि 15:13 सम्ममा पाउनु हुन्छ कि परमेश्वरले इस्राएलीहरुको निम्ति के गर्नु भयो, अनि मोशाले त्यसको उत्तरमा तिनको धन्यवाद प्रकट गर्न गीत गाए अनि परमेश्वरका जनहरुलाई धन्यवादको चाड़ मनाउनमा मदत गरे।

मरियम अनि अन्य स्त्रीहरुले धन्यवाद व्यक्त गर्नलाई कुन स्तुतिगान गरे उत्पत्ति 15:14–21 मा पाउनु हुन्छ।

**2. हप्ता भरी गर्नुपर्ने क्रियाकलापहरुको योजना सहकर्मीहरुसित एकसाथ बसेर बनाउनुहोस्।**

ती विश्वासीहरुकहाँ भ्रमण गर्नुहोस् जसले घेरै असंतोष जनाउँदछन् अनि धेरै कम उहाँका आशिषहरुको निम्ति धन्यवाद दिंदछन्। तिनीहरुसित प्रार्थना गर्नुहोस्, धन्यवादी बन्नु पर्ने विषयमा छलफल गर्नुहोस्, अनि परमेश्वरले प्रत्येक दिन तिनीहरुलाई जे गर्नुहुन्छ त्यसको निम्ति धन्यवाद दिनमा प्रोत्साहन दिनुहोस्। परमेश्वरलाई धन्यवाद दिने उत्सव वा विशेष चाड़ मनाउनलाई योजना बनाउनु होस्।

यदि स्थानीय संस्कृतिमा कटनीको चाड़ अरू प्रकारले मान्ने गर्छन् भने, सत्य परमेश्वरलाई धन्यवाद चड़ाउनमा तिनीहरूलाई मदत गर्नुहोस्। यस्तै राष्ट्रिय विदाको दिनमा प्रयोग हुँदछ। विश्वासीहरुले प्रेम सद्भावना बड़ाउनलाई यस्ता उत्सवहरुमा भाग लिन्छन् तर तिनीहरुले कुनै अशुद्ध र पापमय अभ्यासहरुलाई अरु शुद्ध कुरोहरुलाई विश्वासको साक्षीको रूपमा अनि सकारात्मक प्रभाव पार्नलाई अदल–बदल गर्दछन्।

सांस्कृतिक घटनाहरुलाई ईसाई उत्सव झै ग्रहणयोग्य बनाउनलाई यी कदमहरु चाल्नुहोस्।

- यस विषयमा छलफल गर्न केहि मानिसहरु, स्त्रीहरु, प्रौड़हरु अनि जवानहरुलाई भेला गराउनुहोस्।
- संस्कृतिक घटनाका अर्थहरु अनि चिन्हहरु र सबै अभ्यासहरुको सुचि तयार पार्नहोस्। (सुचि तयार पार्नमा अन्यजातीहरुको सहयोग लिनसकनुहुन्छ)।
- पृष्ट 3 को माथिका तीन प्रश्नहरुको उत्तरहरु छलफल गर्नुहोस्।

**संस्कृतिक एकीकरण प्रश्नहरु**

1. घटनाको कुन चाँहि तत्व परमेश्वरलाई अनि प्राय: ईसाईहरुलाई ग्रहणयोग्य हुन्छन्?
2. घटनासित बाइबलको कुन शिक्षा र कथाहरु मिल्दछ?
3. घटनाको कुन तत्वलाई बाइबलको सत्यतामा अदल–बदल गर्नैपर्छ?

- यो महत्वपूर्ण घटनालाई कस्तो प्रकारले मनाउनु, जसले संस्कृतिको निम्ति आदरनीय हुनेछ, साथै एक सत्य परमेश्वरलाई सम्मान दिन सक्ने योजना बनाउनुहोस्।
- जसै तपाईंले इसाई ढंगमा संस्कृतकि घटनाहरु गर्नुहुन्छ त्यसमा केहि अईसाइहरुलाई मिल्न भनी निम्तो दिनुहोस्। त्यसपश्चात तिनीहरुलाई कस्तो लागे भनी पत्तो लाउनुहोस्। हुन सक्छ तपाईंले ईसाई ढंगलाई एकीकरण गर्नु पर्ला।

**उदाहरणको निम्ति :**

- जहाँ अविश्वासीहरुले तिनीहरुको जवान स्वास्नीहरु आमाहरु बनुन भनी, आत्माहरूलाई र गोहार माँग्दछन्, नयाँ ईसाईहरुले तिनीहरुलाई बालक दिऊन भनी येशूको नाममा परमेश्वरलाई मांग्नलाई एक विशेष प्रार्थना राख्दछन्। सबै जना पर्खी रहेकाहुन्छन् अनि हेरी रहेका हुन्छन्। नौं महिना पछि, ती नयाँ स्वास्नीहरुले बालकहरु जन्माउँछिन्।
- जहाँ मुर्तिपूजक अनि अनैतिक अभ्यासहरु जवान मानिसहरुको निम्ति धार्मिक संस्कारको भाग भए, ईसाईहरुले, यस संस्कारलाई निन्दा गर्नको सट्टा, परमेश्वरलाई आदर र सम्मान पुग्ने नयाँ संस्कार प्रदान गर्दछ, असल व्यवहार अनि संस्कृतिक महत्व बुझाउँदछ। अहिले अविश्वासीहरुले पनि तिनीहरुका नानीहरुलाई पहिलो संस्कारको निम्ति ईसाईहरुलाई चाहन्छन्।
- जहाँ मानिसहरुले एउटै परमेश्वरलाई अघिदेखि नै प्रार्थना गरेका छन्, ईसाईहरुले त्यही प्रार्थना गर्नलाई येशूको नाउँलाई लगातार प्रयोग गरीरहेकाछन्। अविश्वासीहरुले पनि येशूको नाउँमा प्रार्थना गर्ने प्रयास गर्दा परमेश्वरले तिनीहरुको प्रार्थनाको उत्तर दिनुभएको थाहा गर्दछन्। यसप्रकारले धेरै जना ईसाई विश्वासीहरु भएकाछन्।

**3. आगामी उपासनाको समयलाई सहकर्मीहरुसित मिलेर बनाउनुहोस्।**

परमेवरले आफ्ना जनहरुलाई मिश्री सेनाहरुबाट कसरी उदेक तौरले बचाउनभयो अनि मोशा र तिनकी बहिनी मरियम दुवैले कसरी परमेश्वरलाई धन्यवाद दिने उत्सव मनाउन मानिसहरुलाई सहयोग गरे, प्रस्थानबाट यस कथालाई पढ्नोस्

वा अभिनय गर्नुहोस्।

मित्रताको सूत्रलाई वृद्धि गर्न अनि एक सत्य परमेश्वरको महिमाले मुर्तिहरु र आत्माहरुको बलिदानलाई बद्लाउनलाई विश्वासीहरुले कसरी कर्टनी चाड़रुमा भाग लिन पर्छ भनी बुझाउनु होस्।

परमेश्वरबाट पाएका अशिषहरुको निम्ति धन्यवादीको साक्षीहरु विश्वासीहरुलाई दिन लगाउनुहोस्।

नानीहरुले जे तयार पारेका छन् प्रस्तुत गर्न लाउनुहोस्।

प्रभुभोज परिचय गर्नलाई यूहन्ना 6:47–51 पढ्नुहोस्।

एकार्काको निम्ति प्रार्थना गर्न, हामी परमेश्वरलाई किन धन्यवाद दिनु भनी छलफल गर्न, अनि धन्यबादको क्रियाकलापको योजना बनाउनलाई दुइ वा तीन व्यक्तिहरुको झुण्ड बनाउनु होस्।

भजन संग्रह 69:30 कण्ठ पार्नुहोस्।

## कटनीको समयमा आनन्द

बोअजले अरुहरुसित बाँडचुड़ गरेर कटनीको निम्ति कृतज्ञता प्रकट गरे।

**प्रार्थना।** ''प्रिय प्रभु, कटनी र अरु आशिषहरुको निम्ति नानीहरुले तपाईलाई धन्यवाद दिनमा मदत गर्नुहोस्।



बोअजले गरे झै तपाईंको आशिषहरु हामी पनि अरुहरुसित बाँड़चुँड़ गरेर हाम्रो कृतज्ञता प्रकट गर्नमा मदत गर्नुहोस्।''

## परमेश्वरलाई धन्यवाद चढ़ाऊ



नानीहरुलाई ती थोकहरु उल्लेख गर्न लाउनुहोस् जसको निम्ति तिनीहरुले परमेश्वरलाई धन्यवाद देऊन्। यी आशिषहरुको निम्ति नानीहरुले प्रार्थना गरुन् अनि परमेश्वरलाई धन्यवाद दिऊन्।

रूथको कथा रूथ 2 अध्यायबाट ठूला नानी वा एक जना शिक्षकले पढ़ी देऊन् वा मुखस्त सुनाउन्। बोअजले कटनीको समयमा रूथसित कस्तो व्यवहार गरे बताउँदछ।

बोअजले अरु सित बाँड़चुँड़ गरेर कसरी परमेश्वरलाई धन्यबाद प्रकट गरी देखाए त्यस कथालाई नाटकीय रूप दिनुहोस्:

नाटकलाई प्रौढ़हरुको निम्ति नानीहरुले प्रस्तुत गर्नमा मण्डलीका अगुवाहरुले प्रबन्ध मिलाउन्। नानीहरुलाई नाटक तयार गर्नलगाउनु। ठूला नानीहरुले सानाहरुलाई मदत गरुन्। नाटकका केहि भागहरु मात्र पनि गर्न सक्नुहुन्छ।

- यदि सबै भागहरुको निम्ति पर्याप्त व्यक्तिहरु छैनन् भने, कथकले त्यसको पाठ मात्र पढ़ि दिए हुनेछ।
- लामो कथनहरु कलाकारहरुले बाइबलबाट सोझै पढ़न चाहन सक्छन्।
- ठूला नानीहरु वा प्रौड़हरुले बोअज, रूथ, नओमी, नोकर अनि कथकका पाठहरु खेलुन्। रूथसित एउटा झोला वा अरु कुनै थोक अन्न बटुलेर हाल्नलाई हुनपर्छ।

साना नानीहरुलाई मूल खेताला अनि अन्य खेतमा बाली काटने हरुको पाठ गर्न लाउनुहोस्। कति खेतालाहरुले लाभो डण्ठीमा काटने हँसीयाझै बोकेर बाली काटनलाई हल्लाउनुहोस्।

**कथक :**''रूथ 2 अध्यायले देखाउँदछ कसरी बोअज र खेतालाले कटनीको समयमा एउटी विधवा, रूथप्रति दया देखाए।''

**बालीकाटने खेताला :**कतिजनाले हँसियाले बाली काटेको बहना गर्नुहोस्। अरुले बालीको बिटा बनाएको बहना गर्नुहोस् अनि बोकेर थाक पारेको झै गर्नुहोस्। दुइ स्त्री बातचित गर्दै गरेको बेला यो गर्नुहोस्।



**रूथ :**कटनीहरुलाई देखाउँदै नाओमीसित बात गर्नुहोस् (रूथ 2:2 बाट) :''के म खेतमा गएर जसले म प्रति निगाह गर्ला त्यसको पछि शिला–बला खोज्नलाई जाऊँ कि ?

**नाओमी :**''हुन्छ, मेरी छोरी, जाऊ।'' (रूथ केहि क्षणसम्म खेतालाहरुको वरीपरी घुम्दछिन् अनि शिला–बाला टिप्टै थैलीमा हाल्दछिन्)।

**बोअज :**''नमस्ते, खेताला दाइहो ! प्रभु तिमीहरुसँग होऊन्।''

**नोकर :** (बाली काटनेहरुको नजीक उभिदंछ)'' नमस्ते, बोअज!'' परमप्रभुले तपाईंलाई आशिष देऊन्।''

**बोअज :**रूथलाई केहि क्षण हेर्दछ, तब नोकरलाई भन्दछ, यो चाँहि कसकी छोरी हो ?''

**नोकर :**(रूथ 2:6–7 बाट) :''भर्खरै मोआब देशबाट नाओमीसँग आएकी मोआबी ठिटी हो। त्यसले मलाई कटनी गर्नेहरुका पछिपछि बिटाहरुका बीचमा शिला–बाला जम्मा गर्नपाउँ मनेर बिन्ती गरी। बिहान सबेरैदेखि अहिलेसम्म नबिसाई काममा व्यस्त छे।''

**बोअज (रूथ सित)**

**बोल्दछन्, 2:8-9 देखि) :**ए मेरी छोरी, सुन त, अरु खेतमा गएर शिला-बाला नखोज, टाड़ा पनि नजाऊ, तर मेरा ठिटीहरुसँग यतै खोज। मानिसहरुले फसल काट्ने ठाउँमा हेर, र शिला-बाला बटुल्नेहरुका पछिपछि लाग। तिमीलाई नछुनु भनी मैले यी मानिसहरुलाई आज्ञा दिएको छु। तिमीलाई तिर्खा लाग्यो भने गएर मानिसहरुले भरिराखेका गाँग्राहरुको पानी पिउनु।''



**रूथ:** रूथ बोअजको सामने झुक्छिन्, त्यस पछि उठ र भन (रूथ 2:10 बाट) : ''म विदेशी हुँ भनी जानेर पनि हजूरले किन यति कृपा गर्नुहुन्छ?''

**बोअज (2:11-12 बाट) :**''आफनो लोग्नेको मृत्युपछि तिमीले आफ्न सासूप्रति गरेका सबै काम मलाई मानिसहरुले भनेका छन्। तिमी आफ्ना आमा-बुवा र आफ्नो जन्म-भूमि छोड़ेर अपरिचित जातिकहाँ आयौ। परमप्रभुले तिम्रो कामको पुरस्कार तिमीलाई देऊन्। जसको छत्रछाँयामनि शरण लिनलाई तिमी आएकी छौ, उनै परमप्रभु इस्राएलका परमेश्‍वरले तिमीले पाउनपर्ने सबै कुरा देऊन्।''

**रूथ (2:13 बाट):**''म हजूरकी कमारी नभए तापनि हजूरले साँच्चिनै मलाई शान्ती दिनुभयो र दयाको कुरा गर्नुभयो, हजूरको निगाह पाऊँ।''

**बोअज (2:14 बाट):**''यहाँ आएर केहि खाऊ, र तिम्रो रोटी सिर्कामा चोप।''


**कथक (2:14-15):**''तब तिनी कटनी गर्नेहरुसँगै बसिन्, र बोअजले तिनलाई केही भुटेको अन्न दिए। तिनले पेटमरि खाइन् र केही उबारेर राखिन्। औ जब तिनी शिला-बाला बटुल्नलाई उठिन् तब बोअजले आफ्न मानिसहरुलाई यसो भनेर आज्ञा दिए, ''उसलाई बिटाहरुका बीच बीचमा पनि शिला-बाला बटुल्न देऊ। उसलाई नहप्काऊ।''

**कथक (2:17-18 बाट):**''यसैले रूथ साँझसम्मै खेतमा शिला-बाला बटुल्दैरहिन्, औ जब तिनले बटुलेका शिला-बाला माड़िन तब चार पाथी जति भयो। अनि त्यो बोकेर तिनी शहरमा आइन्, औ तिनको सासूले तिनले बटुलेर ल्याएकी धेरै शिला-बाला देखिन्।''

**नाओमी (2:19-20 बाट) :**आज तिमीले कहाँ शिला-बाला बटुल्यौ ? ती मानिस धन्यका होऊन् जसले कृपागरी तिम्रो हेरचाहा गरे, परमप्रभुले तिनलाई आशिष देऊन्, परमप्रभुले जिउँदा र मरेकाहरुमाथि कृपा गर्न छोड़नुभएन।''

**कथक :**सहयोग गर्ने सबैलाई धन्यवाद दिनोस्, त्यसपछि बुझाउनु होस्, ''बोअज अनि रूथले विवाह गर्दछन्। तिनीहरु छोरा ओबेद यिशैका पिता बने, जो दाऊदका पिता थिए। दाऊद इस्राएलका महान राजा थिए, जसको विषयमा बाइबलले ख्रीष्टको बारेमा धेरै बताएका छन्। ख्रीष्ट, बोअज अनि रूथका सन्तान हुन्।

**पावल–तिमोथी बालकहरुको अध्ययन–उपासना, एच. 1 बी.**



चित्र। नानीहरुलाई एउटा बालीको मुठाको वा हँसियाको चित्र बनाउन लाउनुहोस्। ती चित्रहरु नानीहरुले प्रौढ़हरुलाई देखाएर बुझाइ देऊन कि हामी परमेश्वरलाई कटनी र अरु आशिषहरुको निम्ति धन्यवाद दिंदछौं।

रूथ 2:12 कण्ठस्थ गर्नुहोस्।

धन्यवाद दिने विषयमा पदहरु। दुइ जना नानीहरुलाई यशैया 9:3 अनि 2 कोरिन्थी 9:11 बाट पाठ गर्न लाउनुहोस्।

मानिसहरुले कटनीको निम्ति अनि अरु अन्य आशिषहरुको निम्ति परमेश्वरलाई धन्यवाद टक्राएको बुझाउन सक्ने कथा, कविता वा नाटक ठूला नानीहरुलाई लेख्न दिनुहोस्।